नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# औषधि व्यवस्था विभाग

बिजुलीबजार, काठमाडौं ।

## आ.व. २०७७/७८ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

१. भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१(क) को उपदफा (१) र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम प्रत्येक निजामती कर्मचारी र आ.व. २०७७/७८ मा सेवा निवृत्त भएका कर्मचारीहरुले समेत आर्थिक वर्ष समाप्त भएको मितिले ६० दिनभित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय किताबखाना (निजामती) मा दर्ता गर्नुपर्ने र सम्पति विवरण बुझाउने दायित्व सम्बन्धित कर्मचारीको हुनेछ भन्ने व्यवस्था भएकोले भाद्र १० भित्र आफ्नो सम्पत्ति विवरण भरी प्रशासन शाखामा बुझाउन हुन सबै कर्मचारीहरुलाई अनुरोध गरिन्छ ।

२. सम्पत्ति विवरण फाराम भरी खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ ।

**बुझाउने खाममा लेख्ने विवरणको ढाँचा**

| आ.व. २०७७/७८ को सम्पत्ति विवरण | |
|---|---|
| क. कर्मचारीको संकेत नम्बरः | ङ. श्रेणी/तहः |
| ख. नाम, थरः | च. कार्यरत कार्यालयः |
| ग. पदः | छ. मोबाइल नं.: |
| घ. सेवा/समूहः | ज. इ-मेल ठेगानाः |

३. कोभिड-१९ को महामारीको कारणले गर्दा नेपाल सरकारले जारी गरेको विभिन्न मितिका निर्देशन र कार्यविधि बमोजिमको मापदण्ड अनुसार आवतजावतमा कठिनाई र भिडभाडको कुनै पनि कार्य गर्दा संक्रमणको जोखिम बढ्ने र निजामती सेवा नियमावली, २०५० को नियम ११८(१) बमोजिम सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत निजामती किताबखानामा पेश गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोले यस वर्ष सम्पत्ति विवरण दर्ता गर्न व्यक्ति स्वयम् (व्यक्तिगत रुपमा) सम्पत्ति विवरण बुझाउन राष्ट्रिय किताबखाना (निजामती) जानु नपर्ने गरी आफु कार्यरत कार्यालयमा **यथाशिघ्र बुझ्ने बुझाउने** व्यवस्था गरी सम्बन्धित कार्यालयबाटै एकमुष्ट रुपमा २०७८ साल साउन १ गते देखि भाद्र २८ गते भित्र नै अनिवार्य रुपमा राष्ट्रिय किताबखाना (निजामती) प्राप्त हुनेगरी छिटो माध्यमबाट पठाउनुपर्नेछ भन्ने राष्ट्रिय किताबखाना (निजामती) को सूचना प्रकाशन भएकोले २०७८ भाद्र १० भित्रै सम्पत्ति विवरण भरी यस विभागको प्रशासन शाखामा बुझाउनहुन अनुरोध गरिन्छ ।

**पुनश्चः** करार सेवामा कार्यरत सबै कर्मचारीहरुले समेत सम्पति विवरण बुझाउनुपर्ने व्यवस्था भएकोले आफ्नो सम्पत्ति विवरण भरी भाद्र १० भित्र प्रशासन शाखामा बुझाउनहुन अनुरोध गरिन्छ ।

धन्यवाद

**प्रशासन शाखा**
औषधि व्यवस्था विभाग
बिजुलीबजार, काठमाडौं